का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk

स्थापित : २०६९, काठमाडौं ।

मिति : २०८१/०२/१८

### Weekly Chart







| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/02/06 | Sunday | 1,17,370 | 1,36,900 | 1590 | 1855 |
| 2081/02/07 | Monday | 1,17,625 | 1,37,200 | 1,612 | 1,880 |
| 2081/02/08 | Tuesday | 1,17,970 | 1,37,600 | 1,646 | 1,920 |
| 2081/02/09 | Wednesday | 1,18,485 | 1,38,200 | 1,655 | 1,930 |
| 2081/02/10 | Thursday | 1,20,455 | 1,40,500 | 1,629 | 1,900 |
| 2081/02/11 | Friday | 1,21,915 | 1,42,200 | 1,607.50 | 1,875 |

### यो साता पनि सुनको मुल्यले राख्यो रेकर्ड, भन्सार दरमा भएको बृद्धि मुख्य कारण

यो साता पनि बिश्व बजारमा सुनको मुल्य उच्च रहेको छ । अमेरिकी डलरको मजवुति कायम रहन नसक्दा र अमेरिकी ट्रेजरीको प्रतिफलमा आएको गिरावट लगायतका कारण सुनको मुल्यमा चाप परेको बिश्लेषकहरुले तर्क गरेका छन् । बिश्ज बजारमा साताको चौथो दिन बुधबार साताकै उचाइमा पुगेको मुल्य त्यस पछिका दिनमा भने मत्थर भएको थियो ।

नेपाली बजारमा भने यो साता सुनको मुल्यले नयाँ उचाई कायम गरेको छ । सरकराले आगामी आर्थिक बर्षको बजेट बक्तब्य मार्फत सुनको भन्सार दरमा गरेको बृद्धिका कारण मुल्य बढ्न गई हाल साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार हालसम्मकै उच्च अर्थात प्रति १० ग्राम १ लाख २१ हजार ९ सय १५ रुपैयाँ पुगेर नयाँ रेकर्ड राखेको हो । सरकारले भन्सार दरलाई १५ प्रतिशत वाट बृद्धिगरी २० प्रतिशत पुऱ्याएको छ । जसको प्रभाव सिधै सुनको मुल्यमा परेको हो । साताको पहिलो दिनको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबारको मुल्य प्रति १० ग्राम ४ हजार ५ सय ४५ रुपैयाँ बढी हो ।

यो साता नेपाली बजारमा चाँदीको मुल्यमा भने उतार चढाव आएको छ । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ हजार ५ सय ९० रहेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ६ सय ७ रुपैयाँ ५० पैसा कायम भयो ।

धर्मसुन्दर बज्राचार्य
**महासचिव**

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post Box No: 20712